## आकाशवाणी समाचार- नेपाली

मितिः २३ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र न्यूजील्याण्ड बीचको मुक्त व्यापार सम्झौताले आगामी पाँच वर्षमा द्विपक्षीय व्यापार दुईगुना बनाउनमा मार्ग प्रशस्त बनाएको बताउनुभयो।
- केन्द्रीय गृहमन्त्री अमित शाह र रक्षामन्त्री राजनाथ सिंहले भारत-न्यूजील्याण्ड मुक्त व्यापार सम्झौता (FTA) भारतको व्यापार कूटनीतिको लागि एक निर्णायक क्षण भएको बताउनुभएको छ।
- स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री अनुप्रिया पटेलले नरेन्द्र मोदी सरकारको नेतृत्वमा विगत एघार वर्षमा देशको स्वास्थ्य सेवा परिदृश्यमा ठूलो परिवर्तन आएको बताउनुभयो।
- नयाँ दिल्लीस्थित बंगलादेश उच्च आयोगले अपरिहार्य परिस्थितिका कारण भिसा जारी गर्ने लगायत सबै कन्सुलर सेवाहरू अस्थायी रूपमा निलम्बन गरेको छ।
- महिला क्रिकेटमा, भारत र श्रीलंकाबीचको पाँच खेलको टी-२० शृङ्खलाको दोस्रो खेल आज विशाखापट्टनमको डा. **वाई.एस. राजशेखर रेड्डी एसीए-भीडीसीए** स्टेडियममा खेलिनेछ।

### प्रधानमन्त्री - FTA

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र न्यूजील्याण्ड बीचको मुक्त व्यापार सम्झौताले आगामी पाँच वर्षमा द्विपक्षीय व्यापार दोब्बर बनाउने मार्ग प्रशस्त बनाएको बताउनुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्नुहुँदै श्री मोदीले भारत-न्यूजील्याण्ड साझेदारी नयाँ उचाइमा पुग्ने बताउनुभएको छ।उहाँले भन्नुभयो- भारतले विभिन्न क्षेत्रहरूमा न्यूजील्याण्डबाट २० अर्ब डलरभन्दा बढीको लगानीलाई स्वागत गर्दछ।

प्रधानमन्त्रीले भन्नुभयो-भारतको प्रतिभाशाली युवा, नवप्रवर्तन र अर्थतन्त्र विकास र दीर्घकालीन साझेदारीको लागि बलियो आधार हो। श्री मोदीले भन्नुभयो-दुई देशले खेलकुद, शिक्षा र सांस्कृतिक सम्बन्ध जस्ता अन्य क्षेत्रहरूमा सहयोगलाई निरन्तर बलियो बनाउनेछन्।

### गृहमन्त्री अमित- राजनाथ

केन्द्रीय गृहमन्त्री अमित शाह र रक्षामन्त्री राजनाथ सिंहले भारत-न्यूजील्याण्ड मुक्त व्यापार सम्झौता (FTA) भारतको व्यापार कूटनीतिको लागि एक निर्णायक क्षण भएको बताउनुभएको छ।सामाजिक सञ्जाल पोस्टमा गृहमन्त्री अमित शाहले FTA ले २० अर्ब डलरको लगानी ल्याएको बताउनुभएको छ। श्री शाहले यो सम्झौताले भारतीय नवप्रवर्तक, उद्यमी, किसान, सूक्ष्म, साना र मझौला उद्यम, विद्यार्थी र युवाहरूका लागि रोमाञ्चक अवसरहरू प्रदान गर्ने बताउनुभएको छ।उहाँले यो सम्झौता प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा जनता केन्द्रित विदेश नीतिको उत्कृष्ट उदाहरण भएको बताउनुभएको छ जसले नागरिकहरूको आकांक्षा पूरा गर्दछ।

रक्षामन्त्री राजनाथ सिंहले यो सम्झौताले दुई देशहरू बीच बढ्दो पारस्परिक विश्वास र दीर्घकालीन समृद्धिको लागि साझा प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने बताउनुभएको छ। श्री सिंहले सामाजिक सञ्जालमा यो मक्त व्यापार सम्झौताले भारतीय निर्यातलाई बढावा दिने र प्रमुख क्षेत्रहरूलाई बलियो बनाउने बताउनुभएको छ।

### शाह - गोवा चुनाव

केन्द्रीय गृहमन्त्री अमित शाहले गोवा जिल्ला पञ्चायत चुनावमा विजय हासिल गरेकोमा मुख्यमन्त्री डा. प्रमोद सावन्त र भाजपा प्रदेश अध्यक्ष दामोदर जी. नाईकलाई बधाई दिनुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नुहुँदै श्री शाहले जिल्ला पञ्चायत

चुनावमा राष्ट्रीय जनतांत्रिक गठबंधनको शानदार जीतको लागि गोवाका जनताप्रति आभार व्यक्त गर्नुभएको छ ।उहाँले भन्नुभयो-एनडीएले जहाँ पनि अवसर पाउँछ, त्यहाँ शासनको हरेक तहमा जनताको सेवा गर्दछ।श्री शाहले भन्नुभयो- चुनावी नतिजा यसको प्रयासको सार्वजनिक समर्थन हो।

**गोयल – msme**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले सार्वजनिक क्षेत्रका बैंकहरू बलियो र प्रतिस्पर्धी बनेका र भारतको विकासमा निजी तथा विदेशी बैंकहरूसँग बराबरीमा उभिएका बताउनुभएको छ।हिजो नयाँ दिल्लीमा एमएसएमई बैंकिङ उत्कृष्टता पुरस्कार समारोहमा बोल्नुहुँदै, श्री गोयलले सूक्ष्म, लघु र मध्यम उद्यमहरूलाई सहयोग गर्न बैंकिङ प्रणालीको महत्त्वपूर्ण भूमिकाको उल्लेख गर्नुभयो।उहाँले भन्नुभयो- लघु उद्यमीहरूको विकासको लागि समयमै र पर्याप्त ऋण उपलब्धता महत्त्वपूर्ण छ।उहाँले भन्नुह्यो- बैंकहरूले एमएसएमईहरूलाई संस्थागत वित्तीय सहयोग प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्, जसमा पहिले ऋणको लागि अनौपचारिक स्रोतहरूमा भर पर्ने साना ऋणीहरू पनि समावेश छन्।

हस्ताक्षर गरिएको भारत-न्यूजील्याण्ड मुक्त व्यापार सम्झौतालाई उल्लेख गर्दै, श्री गोयलले भन्नुभयो- यो प्रधानमन्त्री नरेन्द्र मोदीको मार्गदर्शनमा हस्ताक्षर गरिएको सातौं मुक्त व्यापार सम्झौता हो।उहाँले भन्नुभयो- न्यूजील्याण्डले आगामी १५ वर्षमा २० अर्ब डलरको प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्न प्रतिबद्ध छ।श्री गोयलले भन्नुभयो- यो विगत २५ वर्षमा भारतमा न्यूजील्याण्डले लगानी गरेको ७ करोड डलरको तुलनामा महत्वपूर्ण परिवर्तन हो।उहाँले भन्नभयो- यो सम्झौतामा नवप्रवर्तन, निर्माण र निर्यातमा पर्याप्त लगानीलाई प्रोत्साहन गर्ने क्षमता छ। यसले भारतलाई न्यूजील्याण्ड र अन्य विश्वव्यापी बजारहरूको लागि एक प्रमुख उत्पादन केन्द्रको रूपमा स्थापित गर्नेछ।

**सरकार - स्वास्थ्य**

स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री अनुप्रिया पटेलले नरेन्द्र मोदी सरकारको नेतृत्वमा विगत एघार वर्षमा देशको स्वास्थ्य सेवा परिदृश्यमा ठूलो परिवर्तन आएको बताउनुभयो।उहाँले प्राथमिक स्वास्थ्य सेवा प्रणालीदेखि सुरु गरी सबै स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ पार्न सरकारले महत्वपूर्ण प्रयास गरेको बताउनुभयो। हिजो नयाँ दिल्लीमा वर्धमान महावीर मेडिकल कलेज र सफदरजंग अस्पतालको सातौं दीक्षान्त समारोहलाई सम्बोधन गर्नुहुँदै श्रीमति पटेलले सरकारको उद्देश्य गुणस्तरीय स्वास्थ्य सेवालाई सबैका लागि पहुँचयोग्य र किफायती बनाउनु रहेको बताउनुभयो|उहाँले सरकारले खाँचोमा परेका र गरिबहरूलाई आर्थिक सहयोग प्रदान गर्न धेरै योजनाहरू कार्यान्वयन गरिरहेको पनि बताउनुभयो। केन्द्रीय मन्त्रीले आयुष्मान भारत-पीएनजेएवाई योजना अन्तर्गत ६२ करोड मानिसहरूलाई ५ लाख रुपैयाँसम्मको नि:शुल्क स्वास्थ्य सेवा प्रदान भइरहेको बताउनुभयो। यो विश्वको सबैभन्दा ठूलो स्वास्थ्य बीमा योजना हो| सुश्री पटेलले भन्नुभयो- **प्रधानमन्त्री जनऔषधि योजना** र **अमृत फार्मेसी** जस्ता योजनाहरूले पनि किफायती दरमा स्वास्थ्य र चिकित्सा उपकरणहरू प्रदान गरिरहेका छन्।

केन्द्रीय मन्त्री अनुप्रिया पटेलले देशमा मेडिकल कलेजहरूको संख्या ३८७ बाट बढेर ८०० भन्दा बढी पुगेको बताउनुभयो। एमबीबीएस सिट ५१,००० बाट बढेर १,२८,००० पुगेको छ, र स्नातकोत्तर पाठ्यक्रम सिट ३१,००० बाट बढेर लगभग ८२,००० पुगेको छ। श्रीमति पटेलले देशभर १,७८,००० भन्दा बढी **आयुष्मान आरोग्य मन्दिरहरू** (स्वास्थ्य केन्द्रहरू) सञ्चालनमा रहेको र जनतालाई व्यापक प्राथमिक स्वास्थ्य सेवा प्रदान गरिरहेको पनि बताउनुभयो।

**रबी फसल प्रतिवेदन**

यस वर्ष अहिलेसम्म देशमा ५८० लाख हेक्टरभन्दा बढीमा रबी फसल लगाइएको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा लगभग ८ लाख हेक्टर बढी हो। कृषि तथा किसान कल्याण मन्त्रालयले यस महिनाको १९ तारिखसम्म रबी फसल लगाइने क्षेत्रफलमा भएको वृद्धिको प्रतिवेदन जारी गर्दै भनेको छ- यस वर्ष ३०१ लाख हेक्टरभन्दा बढीमा गहुँ लगाइएको छ, जुन गत वर्षको सोही अवधिमा ३०० लाख हेक्टर थियो। दाल १२६ लाख हेक्टरभन्दा बढीमा रोपिएको छ भने धान १३ लाख हेक्टरभन्दा बढीमा रोपिएको छ, जुन उल्लेखनीय वृद्धि हो।

**बंगलादेश उच्च आयोग**

नयाँ दिल्लीस्थित बंगलादेश उच्च आयोगले अपरिहार्य परिस्थितिका कारण भिसा जारी गर्ने लगायत सबै कन्सुलर सेवाहरू अस्थायी रूपमा निलम्बन गरेको छ। बंगलादेश विदेश मामिलाका अधिकारीहरूका अनुसार, यो निलम्बनअर्को सूचना नभएसम्म लागू रहनेछ। बंगलादेशको अग्रणी दैनिक द बिजनेस स्ट्यान्डर्डले समाचारको पुष्टि गरेको छ।

**विदेश मन्त्रालय - अफगानिस्तान भ्रमण**

अफगानिस्तानलाई भारतले निरन्तर मानवीय सहायता र स्वास्थ्य सेवा सहयोग गर्ने आफ्नो प्रतिबद्धता दोहोर्‍याएको छ। यो सहयोग औषधिको दीर्घकालीन आपूर्तिमा केन्द्रित थियो। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जे.पी. नड्डाले गत हप्ता भारत भ्रमणमा रहेका अफगानिस्तानका स्वास्थ्यमन्त्री मौलवी नूर जलाल जलालीसँगको द्विपक्षीय बैठकमा यो कुरा बताउनुभयो। विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ-यस बैठकमा क्यान्सर औषधि र खोपहरूको प्रतीकात्मक स्थानान्तरणले अफगानिस्तानका जनताको चिकित्सा आवश्यकताहरूमा भारतको निरन्तर सहयोगलाई प्रदर्शन गर्दछ। अफगानिस्तानको स्वास्थ्य सेवालाई सुदृढ पार्न भारतबाट अफगानिस्तान पठाइँदैछ। अफगान मन्त्री १६ डिसेम्बरदेखि २१ सम्म भारतको भ्रमणमा हुन्थ्यो।

**महाराष्ट्र-शिन्दे-विकास**

महाराष्ट्रका उप-मुख्यमन्त्री एकनाथ शिन्देले ठाणे जिल्लाको भिवंडी शहरमा विकास कार्य समाजको कुनै पनि वर्गलाई अन्यायपूर्ण नहुने बताउनुभयो।उहाँले पुनर्स्थापनाको काम बल प्रयोग गरेर भन्दा पनि संवाद र सहमतिबाट गरिने बताउनुभयो। एक कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै श्री शिन्देले भिवंडीलाई ठाणे, मुम्बई, कल्याण-डोम्बिवली र मीरा-भाईंदरमा जस्तै नागरिक सुविधाहरू प्रदान गर्ने प्रयास भइरहेको बताउनुभयो।उहाँले विकासको नाममा कुनै पनि नागरिकलाई अन्यायपूर्ण रूपमा विस्थापित गरिने छैन भनी बताउनुभयो।

श्री शिन्देले **'लडकी बहिन योजना'** जस्ता योजनाहरू निर्बाध रूपमा जारी रहने कुरा पनि दोहोर्‍याउनुभयो।

**महिला टी-२० क्रिकेट**

महिला क्रिकेटमा, भारत र श्रीलंकाबीचको पाँच खेलको टी-२० शृङ्खलाको दोस्रो खेल आज विशाखापट्टनमको डा. **वाई.एस. राजशेखर रेड्डी एसीए-भीडीसीए** स्टेडियममा खेलिनेछ। खेल स्थानीय समय अनुसार साँझ ७ बजे सुरु हुनेछ। आयोजक टोलीले शृङ्खलामा १-० को अग्रता लिएको छ। कप्तान हरमनप्रीत कौरले गत आइतबार विशाखापट्टनममा खेलिएको पहिलो टी-२० खेलमा भारतलाई श्रीलंकामाथि आठ विकेटको जित दिलाउन नेतृत्व गरेकी थिइन्।

****** ० ******